# स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन

## आ.व.२०७९/०८०

स्थानिय राजश्व परामर्श समिति

**वैतेश्वर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पाँडुडाँडा, दोलखा**

**१. पृष्ठभूमी** ............ २
**२.राजश्वको मौजुदा अवस्थाको विश्लेषण** ............ ३
**३. करका आधारहरु** ............ ४
**क. संवैधानिक व्यवस्था** ............ ४
**ख. कानूनी व्यवस्था** ............ ५
**(१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** ............ ५
**(क) कर** ............ ५
**(ख) गैर कर** ............ ५
**(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ............ ६
**४. आगामी आ.व. को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर** ............ ७
**५. निष्कर्ष तथा सुझावहरु** ............ ८

## १. पृष्ठभूमी

वैतेश्वर गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम स्थापना भएको दोलखा जिल्लामा अवस्थित एक गाउँपालिका हो । समुन्द्र सतहदेखि करिब ८८६ मि. देखि ३०४७ मि. सम्मको उचाईमा रहेको यस गाउँपालिकाको क्षेत्रफल ८०.४१ वर्ग कि.मि रहेको छ भने वि.सं. २०६८ सालको जनगणना अनुसार १९८७६ जनसंख्या थियो भने २०७८ सालको जनगणना अनुसार जम्मा १७८९६ जनसंख्या रहेको छ । साविकका क्षत्रपा, नाम्दु, काब्रे, गैरीमुदी, मीर्गे गा.वि.स मिलेर यो गाउँपालिका ८ वडामा विभक्त छ । वडा नं. ६ को पाडुडाँडामा गाउँपालिकाको स्थायी केन्द्र रहेको छ र सोही स्थानमा पक्की भवन निर्माण गरी कार्यालय संचालन तथा सेवा प्रवाह गर्दै आएको छ । तामाङ, क्षेत्री, बाम्हण, जिरेल, थामि लगायतको जातजातिको बाहुल्यता रहेको यस गाउँपालिकाको प्रमुख व्यापारिक नाका तथा बजारहरुमा मैनापोखरी, खाँवा, तामाकोशी, नाम्दु, लहरेमाने, पुतलीकाठ, क्षत्रपा आदि पर्दछन । पूर्वमा जिरी नगरपालिका, पश्चिममा भिमेश्वर नगरपालिका, उत्तरमा गैरीशंकर गाउँपालिका तथा कालिञ्चोक गाउँपालिका र दक्षिणमा तामाकोशी गाउँपालिका रहेको यो गाउँपालिका जिरी जाने प्रमुख नाकाको रुपमा रहेको छ । स्थानीय तहको अधिकार अनुसूचि ८ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग नेपालको संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने, नेपालको स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढिकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको रुपमा हाम्रो गाउँपालिका क्रियाशील रहेको छ ।

नेपालको संविधान बमोजिम तर्जुमा भएको स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति र सो समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो ऐनमा व्यवस्था गरिएको काम, कर्तव्य र अधिकारको पालना गर्दै कार्यपालिकालाई आगामी आ.व. को राजश्व सम्बन्धी नीतिको तर्जुमा गर्न, राजश्वका स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्न, कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धी परामर्श उपलब्ध गराउने सन्दर्भमा यस प्रतिवेदन तयार गरिएको छ ।

## २.राजश्वको मौजुदा अवस्थाको विश्लेषण

आ.व.२०७९/०८० मा आन्तरिक राजश्व संकलनको अवस्था देहाय बमोजिम छ

| क्र.स. | राजश्वर संकेत | राजश्व आधार शिर्षक,मुल शिर्षक,शिर्षक तथा उपशिर्षक | आ.व. २०७७/२०७८ को यर्थाथ आम्दानी | आ.व. २०७८/२०७९ को यर्थाथ आम्दानी | आ.व.२०७९ /०८० को अनुमान | आ.व. २०७९/२०८० को यर्थाथ आम्दानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **क** | **कर राजश्व** | | | | | | |
| १ | ११३१३ | सम्पती कर | | | | | |
| २ | ११३१४ | भूमीकर मालपोत | ८३७६६९ | ११२२९०८ | ६३३००० | ७३३५९६ | |
| ३ | ११३२१ | बहाल कर | १६२४३८ | १८१७२५ | ९००००० | ९४८७९१ | |
| ४ | ११३२२ | बहाल विरौटी कर | | ४३४५० | ० | | |
| ५ | ११६३२ | अखेटोपहरामा लाग्ने कर जडिबुटी, कवाडी र जिवजन्तु कर | ५०० | | १२९८०७ | ३४६३९ | |
| ६ | ११४५१ | सवारी साधन कर | | | ० | | |
| ७ | ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | ० | | |
| ८ | १४६११ | व्यवसाय कर(दर्ता, नविकरण र सुचिकरण समेत) | ४०७६०० | ५७३५५३ | ५९२४५० | ६८६२९० | |
| ९ | ३३३३६ | बिक्री(ढुगां, गिट्टी बालुवा,माटो कर) | ११३०००००० | २८०००००० | ७०००००० | ७०००००० | |
| १० | १४२१९ | अन्य सेवा शुल्क | | | ८९७७४३ | ६५७६५० | |
| ११ | ११६०० | अन्य कर(घरधुरी कर आदि) | | | ७०००० | ५१८८४२ | |
| **ख** | **गैरकर राजश्व** | | | | | | |
| १ | १४१९१ | पर्यटन शुल्क वन्यजन्तु आरक्ष र निकुञ्ज संरक्षण क्षेत्रको प्रवेश शुल्क | | | | | |
| २ | १४२२१ | न्यायिक दस्तुर | | | | | |
| ३ | १४२२९ | अन्य प्रशासनिक शुल्क(बोलपत्र फाराम बिक्रीको रकम, निवेदन | ३६५०८२ | ६८०४२८ | ५००००० | ४८७२०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दस्तुर, परिक्षा फाराम दस्तुर) | | | | | |
| ४ | १४२४१ | पार्किङ शुल्क | | | | | |
| ५ | १४२४२ | नक्सापास दस्तुर | २००००० | ९६१३३ | २१७००० | १११३९८ | |
| ६ | १४२४३ | सिफारिस दस्तुर | १८३६०३ | २५१००१ | ५००००० | ६६७०० | |
| ७ | १४२४४ | व्यक्तिगत घटना दर्ता शुल्क | ५०७१० | ५०० | १००००० | ४९३५० | |
| ८ | १४२४५ | नाता प्रमाणित शुल्क | | | १००००० | १००००० | |
| ९ | १४२४६ | अन्य दस्तुर | ४४५५४५ | १२४५२१२ | ६००००० | ७२३८८२ | |
| १० | १४२२४ | परिक्षा शुल्क | | | ६०००० | २००० | |
| ११ | १४३१२ | न्यायिक दण्ड,जरिवाना र जफत | | ४८०००० | | | |
| १२ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम(वैतेश्वर अस्पताल औषधी बिक्री) | | | ६४००००० | १०३३४२९४ | |
| जम्मा | | | १५७५३१४७ | ७४७९४१० | १८७००००० | २२४५४६३२ | |

माथि उल्लेखित तालिकालाई विश्लेषण गर्दा गत आ.व. २०७८/०७९ मा कुल आन्तरिक आम्दानी ७४,७९,४१०।- चौहत्तर लाख उनान्असी हजार चार सय दश भएकोमा यस आ व २०७९/०८० को आषाढ मसान्तसम्म २,२५,५४,६३२।- दुई करोड पच्चिस लाख चौउन्न हजार छ सय आन्तरिक राजस्व संकलन भएको छ।

## ३. करका आधारहरु

स्थानीय कर अधिकार सम्बन्धी व्यवस्थाहरु नै स्थानीय करका आधारहरु हुन्। स्थानीय करका सम्बन्धमा नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा विभिन्न व्यवस्थाहरु गरिएका छन्। ती व्यवस्थाहरु देहायानुसार छन् :

**क. संवैधानिक व्यवस्था**

- आर्थिक अधिकार बमोजिम स्थानीय तहले आफ्नो क्षेत्राधिकारका विषयमा आर्थिक कानून बनाउन सक्ने, धारा ५९
- कानून बमोजिम बाहेक स्थानीय तहले कर लगाउन र उठाउन नपाउने, धारा २२८
- स्थानीय तहले छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी कर लगाउनुपर्ने, धारा २२८
- स्थानीय तहले अनुसूची ८ को ४ नं. बुँदा बमोजिम देहायको कर लगाउने अधिकार हुने :
- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क

- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- मालपोत संकलन।

**ख. कानूनी व्यवस्था**

**(१) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

- स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची ३ मा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्ने, दफा ३
- अनुसूचि-३ बमोजिम कर तथा गैर कर देहाय बमोजिम हुने :

**(क) कर**

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- भूमि कर
- मनोरञ्जन कर
- विज्ञापन कर
- व्यवसाय कर

**(ख) गैर कर**

- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- दण्ड जरिवाना

## (२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- कानून बमोजिम बाहेक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन नपाउने, दफा ५४

- गाउँपालिका र नगरपालिकाले देहायका करहरु लगाउन पाउने व्यवस्था रहेको छ :
- सम्पत्ति कर, दफा ५५
- भूमिकर (मालपोत), दफा ५६
- घर जग्गा बहाल कर, दफा ५७
- व्यवसाय कर, दफा ५८
- बहाल बिटौरी शुल्क, दफा ५९
- पार्किङ्ग शुल्क, दफा ६०
- जडीबुटी, कवाडी र जीवजन्तु कर, दफा ६१
- सेवा शुल्क, दफा ६२

- प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण, संकलन तथा बाँडफाँट देहायानुसार रहेको छ, दफा ६४

- सवारी साधन करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने, तर गाउँपालिका वा नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्नेछ,
- घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिका वा
- नगरपालिकाले गर्ने,
- विज्ञापन करको दर निर्धारण र संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- मनोरञ्जन करको दर र संकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
- पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने, • उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्ग्राहलय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र संकलन गर्ने,
- ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले संकलन गर्ने

## ४. आगामी आ.व. को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर

आ.व.२०८०/०८१ को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर अनुसूचि १ देखि १२ मा उल्लेख भए बमोजिम हुनेछ ।

| आ.व.०८०/०८१ को आन्तरिक राजश्व अनुमानित विवरण | | | | |
|---|---|---|---|---|
| क्र.स. | राजश्वर संकेत | राजश्व आधार शिर्षक,मुल शिर्षक,शिर्षक तथा उपशिर्षक | अनुमान | कैफियत |
| **क** | **कर राजश्व** | | | |
| १ | ११३१३ | सम्पती कर | | |
| २ | ११३१४ | भूमीकर मालपोत | ६००००० | |
| ३ | ११३३२१ | बहाल कर | ८००००० | |
| ४ | ११३२२ | बहाल विरौटी कर | | |
| ५ | ११६३२ | अखेटोपहरामा लाग्ने कर जडिबुटी, कवाडी र जिवजन्तु कर | १००००० | |
| ६ | ११४५१ | सवारी साधन कर | ० | |
| ७ | ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | |
| ८ | १४६११ | व्यवसाय कर(दर्ता, नविकरण र सुचिकरण समेत) | ६००००० | |
| ९ | १४२१९ | बिक्री(ढुगां, गिट्टी बालुवा,माटो कर) | २०००००० | |
| १० | १४२१९ | अन्य सेवा शुल्क | ३००००० | |
| ११ | ११६०० | अन्य कर(घरधुरी कर आदि) | ४००००० | |
| **ख** | **गैरकर राजश्व** | | | |
| १ | १४१९१ | पर्यटन शुल्क वन्यजन्तु आरक्ष र निकुञ्ज संरक्षण क्षेत्रको प्रवेश शुल्क | | |
| २ | १४२२१ | न्यायिक दस्तुर | | |
| ३ | १४२२९ | अन्य प्रशासनिक शुल्क(बोलपत्र फाराम बिक्रीको रकम, निवेदन दस्तुर, परिक्षा फाराम दस्तुर) | ५००००० | |
| ४ | १४२४१ | पार्किङ शुल्क | | |
| ५ | १४२४२ | नक्सापास दस्तुर | २००००० | |
| ६ | १४२४३ | सिफारिस दस्तुर | १००००० | |
| ७ | १४२४४ | व्यक्तिगत घटना दर्ता शुल्क | १००००० | |
| ८ | १४२४५ | नाता प्रमाणित शुल्क | १००००० | |
| ९ | १४२४६ | अन्य दस्तुर | २००००० | |
| १० | १४२२४ | परिक्षा शुल्क | | |
| १२ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम(वैतेश्वर अस्पताल औषधी बिक्री) | ९०००००० | |
| | जम्मा | | १५०००००० | |

## ५. निष्कर्ष तथा सुझावहरु

**निष्कर्ष :**

राजस्व संकलनमा मुख्यतया कर राजस्व र गैर राजस्व पर्दछन् । कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैनन् । नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारको अधिनमा र संविधान बमोजिम तर्जुमा गरिएको स्थानीय सरकार संचालन ऐनद्वारा प्रदत्त आर्थिक अधिकारका आधारमा मात्र सालबसाली आर्थिक ऐन बनाई स्थानीय तहले कर लगाउने र उठाउने सक्दछन् । अतः उल्लिखित करका आधारहरुको उपयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्नु आवश्यक देखिन्छ ।

सुधारका लागि केही सुझावहरु :

- कर्मचारीहरुलाई राजश्व परिचालन सम्बन्धी क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- कर संकलनलाई सेवा प्रवाहसँग आवद्ध गर्ने । वडा कार्यालयहरुको क्षमता विकास गर्ने ।
- राजस्व सुधार कार्ययोजना ( Revenue Enhancement Plan) तर्जुमा गरी लागू गर्ने । आम नागरिकलाई कर तिर्ने बानीको विकास गर्न पालिको समृद्धिका लागि करको महत्व विषयक सचेतनामूलक कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको आर्थिक अधिकारको अधिनमा रही गाउंपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सबै प्रकारका कर तथा गैर करको संभाव्यताको अध्ययन र विश्लेषण गरी क्रमश करको दायरा व्यापक बनाउँदै लैजाने ।
- सबै वडा कार्यालयमा सम्पत्ति कर लागू गर्ने र सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित बनाउने ।
- पूँजीको आधारमा वार्षिक व्यवसाय कर निर्धारण गर्ने ।
- राजश्व संकलनलाई प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी समितिलाई थप क्रियाशिल बनाउने ।
- राजश्व छलि र चुहावट नियन्त्रण गर्न नियमित अनुगमन गर्ने । आन्तरिक नियन्त्रण प्रणालीलाईथप सशक्त र प्रभावकारी बनाउने ।
- गाउँपालिका भित्रका ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरुलाई करको दायरामा ल्याउने । सोको लागि बोलपत्र आव्हान गर्ने ।
- पालिकाभित्र सञ्चालित सम्पूर्ण आर्थिक कारोबारहरुलाई करको दायरामा ल्याउने ।

धन्यवाद ।

संयोजक श्री कल्पना उप्रेती (गाउँपालिका उपाध्यक्ष)
सदस्य श्री ऋषिराम ज्ञवाली (प्रमुख प्रशासकीय अधिकृत)
सदस्य श्री ठुलीकान्छी बि.क.(कार्यपालिका सदस्य)
सदस्य श्री सरस्वती दहाल थापा(कार्यपालिका सदस्य)
सदस्य श्री राजन कुमार दहाल(उद्योग वाणिज्य संघ)
सदस्य सचिव श्री ममता दहाल- सदस्य सचिव(सहायक पाँचौ, राजश्व शाखा)